# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०७९/८० ( पञ्जिकरण शाखा )
च. नंः

मितिः २०८०|०२|१६

## दोहोरो सुविधा (सामाजिक सुरक्षा भत्ता र अन्य सरकारी सुविधा) सम्बन्धि सुचना !!!

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ मा सरकारी वा सार्वजनिक पदमा नियुक्ती वा निर्वाचित मनोनित भइ बहाल रहेको व्यक्ति, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीयतहको पुर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाबाट नियमितरुपले पारिश्रमिक,निवृती भरण, अवकास सुविधा वा अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था रहेको छ ।

यद्यपी, यस बराहक्षेत्र नगरपालिकामा बसोबास गर्ने केहि व्यक्तिहरुले सामाजिक सुरक्षा ऐन विपरित रहेर सरकारबाट नियमित रुपमा पेन्सन वा अन्य सुविधा लिइरहेका तथा सामाजिक सुरक्षा भत्ता समेत बुझ्दै आएको भन्ने गुनासो प्राप्त भएको हुँदा यदि कसैको दोहोरो सुविधा हुनेगरि सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीको सूचीमा नाम दर्ता वा नवीकरण भएको भए १५ दिन भित्र आफ्नो सम्बन्धित वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता लिने सूचीबाट नाम लगतकट्टा गर्न/गराउन हुन सम्बन्धित सबैमा सूचित गरिन्छ । अन्यथा नियमानुसार भइजाने समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

ऋद्धि प्रकाश सिटौला
प्रमुख प्रशासकीय अधिकृत

ऋद्धि प्रकाश सिटौला
प्रमुख प्रशासकीय अधिकृत